# फोहोर मैला व्यवस्थापनका लागि जम्मा गरेको धरौटी फिर्ता गर्ने प्रक्रिया,२०८१

पर्यटन ऐन, २०३५ को दफा ३०क. को उपदफा (१) बमोजिम हिमालचुली आरोहण गर्न जाने पर्वतारोही दलबाट फोहोरमैला व्यवस्थापनका लागि पर्वतारोहण नियमावली, २०५९ को नियम २६ को उपनियम (१) ले तोकेबमोजिमको रकम धरौटी पर्वतारोहण अनुमति-पत्र प्रदान गर्नुपूर्व यस विभागबाट लिने गरिन्छ। ऐ ऐनको ऐ दफाको उपदफा (२) ले सम्बन्धित पर्वतारोही दलले आफ्नो आरोहण सम्बन्धी कार्य पूरा गरेपछि आफ्नो साथमा लगेका वस्तुहरु फिर्ता ल्याई नेपाल सरकारले तोकेको ठाउँमा पुर्याएपछि धरौटी रकम सम्बन्धित पर्वतारोहीदललाई फिर्ता दिइने व्यवस्था गरेको छ। सोही प्रयोजनका लागि फोहोरमैला लाई नियम २६ को उपनियम (१) मा नष्ट गर्न सकिने फोहोरमैला, पुनः प्रशोधन गर्न सकिने फोहोरमैला र पुनः निकासी गर्नुपर्ने फोहोरमैलाका रुपमा वर्गीकरण गरिएको छ। सो अन्तर्गत पर्ने वस्तुहरु नियमावलीको अनुसूची-१० मा उल्लेख गरिएको छ। नष्ट गर्न सकिने फोहोरमैला नियम २७ को उपनिम (३) बमोजिम नष्ट गर्नुपर्ने व्यवस्था रहेको छ। पुनः प्रशोधन गर्न सकिने फोहोरमैलाको हकमा काठमाडौंमा ल्याई नेपाल सरकारले तोकेको निकाय वा संस्थामा बुझाउनु पर्ने र पुनः निकासी गर्नुपर्ने फोहोरमैला आफ्नो देशमा लैजानु पर्ने व्यवस्था रहेको छ।

प्रस्तुत अवस्थामा फोहोरमैला व्यवस्थापनका लागि यस विभागमा आम्दानी बाँधेको धरौटी रकम फिर्ता गर्ने विषयमा पर्वतारोही दलले देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछः

१. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "ऐन" भन्नाले पर्यटन ऐन, २०३५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले पर्वतारोहण नियमावली, २०५९ सम्झनु पर्छ।

(ग) "विभाग" भन्नाले पर्यटन विभाग सम्झनु पर्छ।

(घ) "शाखा" भन्नाले पर्वतारोहण शाखा सम्झनु पर्छ।

२. **निवेदन पेश गर्नुपर्नेः** (१) पर्वतारोही दलको नेताले फोहोरमैला व्यवस्थापन वापत धरौटी राखिएको रकम फिर्ता लिनका लागि देहाय बमोजिमका कागजात सहित विभागमा निवेदन पेश गर्नुपर्नेछ।

(क) फोहोरमैला व्यवस्थापनका सम्बन्धमा पर्वतारोही दलको नेता, सम्पर्क अधिकृत र ट्रेकिङ्ग एजेन्सीको हस्ताक्षर तथा छाप सहितको फोहोरमैला व्यवस्थापन प्रतिवेदन,

(ख) नष्ट गर्नुपर्ने फोहोरमैला नष्ट गरेको तथा पुनः प्रशोधन गर्न सकिने फोहोरमैलाका सम्बन्धमा तोकिएको निकायको आधिकारिक सिफारिस-पत्र,

(ग) पुनः निकासी गर्नु पर्ने फोहोरमैलाको सम्बन्धमा भन्सार विभागको सिफारिस-पत्र।

(२) उपदफा (१) बमोजिमका कागजातसहित पेश भएको निवेदन र धरौटी आम्दानी बाधेको रसिद फाइलसाथ संलग्न गरी शाखाले आफ्नो राय सहित धरौटी फिर्ता गर्ने प्रक्रिया अगाडी बढाउनु पर्नेछ।

(३) धरौटी फिर्ता माग गर्ने पर्वतारोही दलको नेतालाई यस अघि भुक्तानी भए नभएको यकिन गर्ने जिम्मेवारी आर्थिक प्रशासन शाखाको हुनेछ।

डा. नारायण प्रसाद रेग्मी

(४) आर्थिक प्रशासन शाखाबाट पहिले भुक्तानी नभएको यकिन भईसकेपश्चात धरौटी बापतको रकम पर्वतारोही दलको नेतालाई फिर्ता गर्न सकिनेछ।

(५) कुनै विशेष कारणले पर्वतारोही दलको नेताले धरौटी रकम अन्य व्यक्तिलाई फिर्ता दिनका लागि अनुसूची बमोजिमको ढाँचामा अख्तियारी दिएमा यस दफा बमोजिमको प्रक्रिया पूरा गरी अख्तियारी प्राप्त व्यक्तिलाई धरौटी फिर्ता गर्न सकिनेछ।

डा. नारायण प्रसाद रेग्मी
महानिर्देशक

अनुसूची

To Ministry of Culture, Tourism and Civil Aviation
Department of Tourism,
Kathmandu.

**Sub: Authorization**

I would like to inform you that our expedition team ........................has completed the expedition. Due to my already set schedule, I have to return back to my country after the completition of expedition. So, I won't be able to collect garbage deposit myself. So, I would like to request you to handover the garbage deposit amount of ......to ...................... Company/Person. The official signature/stamp of authorized person/company is :

| Signature\Stamp |
|---|
| |

Date:

Authorized Signature of team Leader
Name:

Passport No:

Nationality

डा. नारायण प्रसाद रेग्मी
महानिर्देशक